फोनन:- ०६८४२११००,०६८४२१
वेब साइट:- jaiminimun.gov.r
इमेल:- jaiminimun@gmail.c

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कुस्मीसेरा
## बागलुङ

प.स.: ०७४/०७५
च.न.: 639

४ नं.प्रदेश, नेपाल

जैमिनी नगरपालिकाको कार्यालय कुस्मीसेरा, बागलुङ २०७३

### प्रथम पटक प्रकाशित मिति २०७५।३।२०

### विषय :- वोलपत्र आह्वान सम्बन्धी सूचना ।

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) (६) बमोजिम आ.व.२०७५ साउन १ गतेदेखि २०७६ आषाढ मसान्तसम्मका लागि कर संकलन तथा ढुंगा, गिट्टी, बालुवा, रोडा विक्रि गर्ने कार्य ठेक्काबाट गराउनुपर्ने भएकोले यस कार्यालयबाट सो प्रयोजनको लागि सूचिकृत गरिएका फर्महरुबाट तपसिलमा उल्लेखित विषय र शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

| क्र.सं. | विषय | कार्यालयले तोकेको न्यूनतम अंक रु. | ठेग लागेको अवधि |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, वालुवा रोडा तर्फ जैमिनी नगरपालिका वडा नं. १ जैमिनीघाट शिवमन्दिर मुनीको वगर क्षेत्र(थाङ्नेवगरक्षेत्र कुस्मीसेरा) | ४०००००। | २०७५ साल साउन १ गतेदेखि २०७६ साल आषाढ मसान्तसम्म |
| २ | जैमिनी नपा वडा नं. ५ विनामारे थाङ्ने वगर क्षेत्र | ३३००००। | " |

***शर्तहरु***

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र वोलपत्र फाराम रु.१०००। एक हजार रुपैया मात्र ग्लोवल आईएमई वैक कुस्मीसेराको स्थानीय संचितकोष खाता नं. ४५०१०१००००१२० मा जम्मा गरी सक्कल भौचर ल्याई बोलपत्र फाराम जैमिनी नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ । सूचना प्रकाशित भएको मितिले १५औं दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० बजेसम्म बोलपत्र दाखिला गर्न सकिनेछ । सोही दिन दिनको २.०० बजे कार्यालय प्रतिनिधि र वोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ । उक्त दिन विदा परेमा त्यसको भोलिपल्ट बोलपत्र खोलिनेछ । वोलपत्र दाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

विष्णु प्रसाद सुवेदी
प्रशासकीय अधिकृत

फोननं:- ०६८४२११००,०६८४२१
वेब साइट:- jaiminimun.gov.n
इमेल:- jaiminimun@gmail.c

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कुस्मीसेरा

## बागलुङ

प.स.: ०७४/०७५
च.न.:

४ नं.प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय कुश्मिसेरा, बागलुङ २०७३

३. आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी रकम यस कार्यालयको ग्लोवल वैक लिमिटेड कुस्मीसेरामा रहेको खाता नं. ४५०१०१००००१२३ मा जम्मा गरी सोको सक्कलै भौचर सहित पेश गर्नुपर्नेछ ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईनेछैन । वोलपत्र साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र यस कार्यालयबाट प्रदान गरिएको सूचिकृत प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

५. जुन व्यक्ति वा फर्मको नामबाट वोलपत्र खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मबाट दर्ता गराईएको वोलपत्र मान्यता दिईनेछैन ।

६. प्रत्येक वोलपत्रको छुट्टा छुट्टै खाममा आफुले गर्न चाहेको कामको विषय वा शिर्षक लेखि वोलपत्र सिलवन्दी गरी पेश गर्नुपर्ने छ ।

७. वोलपत्र सकारे वापत नियमानुसार आफुले बुझाउनुपर्ने सम्पूर्ण रकम ठेकेदार स्वयंले बुझाउनुपर्नेछ । सम्झौताको लागि स्वीकृत वोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम ३ तीन किस्ता गरी बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ताहरु मध्ये प्रथम किस्ता वापत ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ । बाकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त वैकबाट यस कार्यालयका नाममा २०७५ आश्विन मसान्त सम्मका लागि जारी भएको अग्रिम भुक्तानी वैक ग्यारेन्टी वा नगद जमानत पेश गर्नुपर्नेछ ।

८. आफुले कबोल गरेको ठेक्का अंकको रकम एकमुष्ट अग्रिम बुझाउने वोलपत्र दातालाई कवोल अंकको वढीमा १० प्रतिशत सम्म छुट दिई सम्झौता गर्न सकिनेछ । तर धरौटीको रकमलाई सो रकममा समावेश गरिनेछैन ।

९ नदी खोला किनारबाट ढुंगा, गिट्टी बालुवा रोडा उत्खनन गर्दा पुल सडक वाध आदी भौतिक निर्माणका वस्तुहरुलाई वाधा नपर्ने गरी गर्नुपर्नेछ । निशेधित क्षेत्र र व्यक्तिको नाममा दर्ता भएको जग्गाबाट ढुंगा, गिट्टी बालुवा रोडा उत्खनन गर्न पाईनेछैन ।

१० ठेकेदारले सम्झौता पत्रमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नुपर्नेछ । प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी वांकी सरह असुल उपर गरिनेछ ।

११. प्रचलित नियम विपरित कर असुल गर्न वा एउटा स्थानीय तहले लिएको करको प्रमाण हुंदा हुंदै दोहोरो हुने गरी कर असुल गर्न पाईनेछैन ।

१२ स्थानीय तहलाई तिर्नुपर्ने रकम र जिन्सी सामानहरु वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुका एक संगोलमा रहेको परिवारको व्यक्तिहरुको नाममा समेत वोलपत्र स्वीकृत हुनेछैन ।

१३ नगरपालिकाले आफैले अमानतबाट संचालन गरेको योजनाहरुको लागि चाहिने ढुंगा, गिट्टी, बालुवा रोडामा कर लिन पाईने छैन ।

१४ वोलपत्र स्वीकृत गर्ने आंशिक स्वीकृत गर्ने र नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

विष्णु प्रसाद सुवेदी
प्रशासकीय अधिकृत

फोननं:- ०६८४२११००,०६८४२१
वेब साइट:- jaiminimun.gov.n
इमेल:- jaiminimun@gmail.c

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कुस्मीसेरा

## बागलुङ

प.स.: ०७४/०७५
च.न.:

४ नं.प्रदेश, नेपाल

१५ नगरपालिकाले तोकेको संकलन केन्द्रमा कर दस्तुर उठाउने वस्तुहरुको स्पष्ट सूचि राख्नुपर्नेछ ।

१६ ठेक्का अवधि समाप्त भएपछि कर क्लियरेन्स गरेको प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१७ वोलपत्र कवोलदाताले यो ठेक्का वापत नियमानुसार बुझाउने मुल्य अभिबृद्धि कर र अग्रिम आय कर सम्बिन्धत निकायमा अनिवार्य बुझाउनुपर्नेछ ।

१८ वन्द हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाहा माग गर्न पाईनेछैन ।

१९ नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

२० ठेक्का सम्बन्धी कुनै विवाद भएमा आपसी सहमतिबाट टुंगो लगाईनेछ । यदी सहमति हुन नसके नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२१ ठेकेदारले वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नुपर्नेछ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का व्यवस्थापन प्रक्रिया अगाडि बढाईनेछ ।

२२ वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ । करको दररेट वोलपत्र फाराममा उल्लेख हुनेछ ।

२३ नगरपालिकाबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षणमा औल्याईएका सुझावहरुलाई पालना गर्नुपर्नेछ ।

२४ अन्य थप कुराको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**नोट : यस सम्बन्धमा प्रदेश सरकारबाट माथि उल्लेख गरिए भन्दा फरक निर्देशन प्राप्त भएमा सोही बमोजिम हुनेछ ।**

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत